apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१


समाचार पृष्ठ ३

● वर्षः १२ ● अंकः २४५ ● पृष्ठः ४ ● ०४ असोज २०८३ आइतबार (20 September 2026, Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## सशस्त्र प्रहरी नायव निरीक्षक यादवको हत्या प्रकरणमा २२ महिनापछि मुख्य आरोपी पक्राउ

**शुभ नारायण कामती**
**सिरहा, असोज ०३ गते**

सिरहामा सशस्त्र प्रहरी नायव निरीक्षक (सई) लक्ष्मणप्रसाद यादवको मृत्यु भएको घटनामा ज्यानसम्बन्धी कसुर तथा संगठित अपराधसम्बन्धी मुद्दाका मुख्य प्रतिवादी करिब २२ महिनापछि पक्राउ परेका छन्।



पक्राउ पर्नेमा भारतको बिहार राज्य, मधुवनी जिल्ला, ललबनियाँ थाना, घोडमोहना घर भई हाल सिरहाको नवराजपुर गाउँपालिका-५ बस्ने ३७ वर्षीय मोहम्मद कुरवान मंसुरी रहेका छन्।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार कुरवानलाई शनिबार साँझ करिब ५:१० बजे बरियारपट्टी गाउँपालिका-१ कचनारीस्थित नेपाल-भारत सीमाना नजिकबाट पक्राउ गरिएको हो। इलाका प्रहरी कार्यालय महेशपुरपतारका प्रहरी निरीक्षक विशाल मल्लको कमाण्डमा खटिएको टोलीले लामो समयदेखि उनको खोजी गर्दै आएको थियो।

प्रहरीका अनुसार कुरवानसहित तीन जनाको समूहले प्रहरी टोलीलाई लक्षित गरी एक राउण्ड गोली प्रहार गर्दै भाग्न खोजेपछि प्रहरीले जवाफी कारबाहीस्वरूप तीन राउण्ड गोली चलाएको थियो। प्रहरीको गोली लागेर कुरवानको बायाँ हातको कुहिना र दायाँ खुट्टाको घुँडामा चोट लागेको छ।

घाइते कुरवानलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल सिरहा ल्याइएको छ। उनको अवस्था मध्यम रहेको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी प्रमुख प्रहरी उपरीक्षक बासुदेव पाठकले जानकारी दिए।

**२२ महिनाअघि के भएको थियो ?**

२०८१ मंसिर १६ गते बिहान बरियारपट्टी गाउँपालिका-१ कचनारीस्थित नेपाल-भारत सीमाक्षेत्रमा मदिरा तस्करी नियन्त्रणका लागि खटिएको सशस्त्र प्रहरीको टोलीमाथि गम्भीर घटना भएको थियो।

प्रहरीका अनुसार नेपालबाट भारततर्फ ठूलो परिमाणमा मदिरा लैजाँदै गरेको सूचनाका आधारमा सशस्त्र प्रहरी बल, नेपाल बीओपी बडारीबाट खटिएको टोलीले टाटा सफारी गाडी रोक्न खोजेको थियो। सो क्रममा गाडीले ड्युटीमा रहेका सशस्त्र प्रहरी नायव निरीक्षक लक्ष्मणप्रसाद यादवलाई ठक्कर दिँदै किचेर भागेको थियो।

गम्भीर घाइते भएका यादवको घटनास्थलमै मृत्यु भएको थियो। घटनापछि गाडीका चालकसहित संलग्न व्यक्तिहरू फरार भएका थिए।

प्रहरीका अनुसार हाल पक्राउ परेका कुरवान उक्त टाटा सफारी गाडीका धनी तथा चालकसमेत हुन्। घटनापछि उनी फरार रहँदै आएका थिए।

उक्त घटनामा कुरवानविरुद्ध ज्यानसम्बन्धी कसुरअन्तर्गत ज्यान मार्ने उद्योग तथा सवारी ज्यानसँग सम्बन्धित कसुरका साथै संगठित

बाँकी पृष्ठ ३ ▶▶

## ट्रकको ठक्करबाट पैदलयात्रीको मृत्यु, साइकलयात्री घाइते



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ०३ गते**

सिरहाको नरहा गाउँपालिका-३ रोजी मेडिकलस्थित पूर्व-पश्चिम महेन्द्र राजमार्गमा ट्रकको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ भने एकजना साइकलयात्री घाइते भएका छन्।

जिल्ला प्रहरी कार्यलय सिरहाका अनुसार शनिवार बिहान करिब ७:३५ बजे गोलबजारबाट मिर्चैयातर्फ आउँदै गरेको ना.४ ख ८५०४ नम्बरको ट्रकले साइकलयात्री र पैदलयात्रीलाई ठक्कर दिएको थियो।

ट्रकको ठक्करबाट नरहा गाउँपालिका-३ निवासी करिब ५०/५१ वर्षीय रामपृत मण्डलको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ।

दुर्घटनामा सोही स्थानका करिब ४५ वर्षीय राजातुल अन्सारी घाइते भएका छन्। उनको दुवै खुट्टामा चोट लागेको र अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ। अन्सारीको स्थानीय मेडिकलमा उपचार भइरहेको छ।

दुर्घटनापछि ट्रक चालक धनुषाको मिथिला नगरपालिका-९ का करिब २५ वर्षीय कमलेश महतोलाई प्रहरीले

बाँकी पृष्ठ ४ ▶▶

## लोककल्याणकारी विज्ञापनको रकम कटौतीबारे प्रचण्डलाई ध्यानाकर्षण



**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज ०३ गते**

नेपाली कम्युनिस्ट पार्टीका संयोजक तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई लोककल्याणकारी विज्ञापनबापत छापा सञ्चारमाध्यमले प्राप्त गर्दै आएको रकममा कार्यविधि संशोधनका नाममा गरिएको कटौतीका विषयमा ध्यानाकर्षण गराइएको छ।

नेपाल पत्रकार महासंघका महासचिव रामप्रसाद दाहालको नेतृत्वमा गएको टोलीले प्रचण्डलाई ध्यानाकर्षण पत्र बुझाएको हो।

टोलीमा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका अध्यक्ष शोभा अर्याल, उपाध्यक्ष हेमबहादुर राना, सचिव रमेश कुमार बोहोरा, शाखाका सल्लाहकार तथा केन्द्रीय सदस्य सूर्य सुवेदीलगायत शाखाद्वारा गठित 'छापा माध्यम बचाउ सुझाव कार्यदल'का सदस्य टंक कार्की, विश्वराज किराँत, सीता पोखरेल तथा कल्पना खड्का तथा वरिष्ठ पत्रकारहरूको सहभागिता रहेको थियो।

कार्यदलका संयोजक दामोदरप्रसाद दवाडीको हस्ताक्षर रहेको ध्यानाकर्षण पत्रमार्फत लोककल्याणकारी विज्ञापनको रकम कटौती गर्ने निर्णय फिर्ता लिन तथा छापा सञ्चारमाध्यमको संरक्षण र प्रवर्द्धनका लागि आवश्यक पहल गर्न आग्रह गरिएको छ।

## सिरहामा करेन्ट लागेर युवकको मृत्यु



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ०३ गते**

सिरहामा खेतमा पानी पटाउने क्रममा करेन्ट लागेर एक युवकको मृत्यु भएको छ। सिरहा नगरपालिका-१९ का ३५ वर्षीय सञ्जय यादवको खेतमा पानी पठाउने क्रममा मोटरबाट करेन्ट लागेर मृत्यु भएको हो।

मोटर चलाउने क्रममा करेन्ट लागेका यादवको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख वासुदेव पाठकले पुष्टि गरेका छन्। मृतक यादवको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल सिरहामा राखिएको छ।

घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

## दुई तिहाईको सरकार लाचार र शक्तिहीन, प्रधानमन्त्रीलाई रास्वपाभित्रैबाट असफल बनाउन खोजिँदैछः प्रभु साह

**अपन दैनिक संवाददाता**
**वीरगञ्ज, असोज ०३ गते**

आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले वालेन्द्र शाहको नेतृत्वमा दुई तिहाईको शक्तिशाली सरकार बन्दापनि व्यवहारमा सरकार शक्तिहीन लाचार बनेको टिप्पणी गरेका छन्। सरकार जनतासँगको सम्पर्क टुटाएर लिकभन्दा बाहिर गएको कारण अहिलेपनि देश अन्त्यहीन संकटमा रहेको साहको टिप्पणी छ।

आजपा सम्मिलित ९ दलीय मोर्चाको मधेस प्रदेश समन्वय समितिद्वारा शनिबार मधेश प्रदेशको वीरगञ्जको टाउन हलमा आयोजित बृहत कार्यकर्ता भेला तथा अभिमुखीकरणलाई सम्बोधन गर्दै उनले सरकार विपक्षीहरूको कारण कमजोर देखिएको हैन, रास्वपाभित्रैबाट असहयोगको कारण लाचार देखिएको दाबी गरे। उनले संसद्मा रहेको संख्याको कारण वर्तमान सरकार शक्तिशाली देखिएपनि उसले लिएको नीति र गरिरहेको व्यवहारको कारण बिचारा अवस्थामा पुगेको टिप्पणी गरे। उनले प्रधानमन्त्री शाहलाई एम्बिशन पूरा गर्ने हो भने एक्शनमा उत्रिन सुझाव दिए।

प्रधानमन्त्री बनेलगत्तै बसेको पहिलो मन्त्रिपरिषद् बैठकमार्फत एक सय दिनमा एक सय वटा शासकीय सुधारको कार्यक्रम ल्याउँदा जनतामा प्रधानमन्त्री शाहप्रति उत्साह देखिएपनि अर्थमन्त्री स्वर्णिम वाग्लेले नीति तथा कार्यक्रम ल्याउँदा त्यो उत्साह घटेको



र बजेट ल्याउँदासम्म सबै निराश हुने अवस्था आएको कुरा पनि पूर्वमन्त्री साहले स्मरण गराए।

उनले अहिलेपनि समय घर्किनसकेको उल्लेख गर्दै उनले प्रधानमन्त्रीलाई जंगी अड्डातिर नभएर जनताको भर पर्न सुझाव दिएका छन्। यस्तै, उनले प्रधानमन्त्रीलाई संख्या होईन सत्य, बल होईन विधि र सेना होईन संविधानको साथमा हिँड्न पनि सुझाए।

उनले मुलुकमा पछिल्लो समय देखापरेका धार्मिक सद्भाव विथोलिएको सुनसरी देवानगञ्जको घटनादेखि दुई साताअघि रसुवा भोटेकोसी बाढीको कारण निम्तिएको विपत्तिको संकटको समयसम्म रास्वपा नेतृत्वले प्रधानमन्त्रीलाई बाईपास गरेर सक्रियता देखाएको घट्नाको स्मरण गराउँदै सरकारलाई नसघाएको गम्भीर आरोप लगाए। विदेश सम्बन्ध र कुटनीतिक अभ्यासको सवालमा पनि रास्वपाका सभापति रवि लामिछाने एकातिर र प्रधानमन्त्री शाह अर्कोतर्फ उभिएको र सोहीअनुसार समानान्तर अभ्यास गरिएको साहको आरोप छ।

बाँकी पृष्ठ ३ ▶▶




**बिल लिने र दिने बानी बसालौं**

- बिल-बीजक उपभोक्ता अधिकारको सुरक्षा हो।
- प्रत्येक खरिद, बिक्रीमा बिल-बिजकलाई खरिदको प्रमाणका रूपमा सुरक्षित राखौं।
- म्याद नाघेका, गुणस्तरहीन वा लेबल नभएका वस्तु खरिद, बिक्री नगरौं।
- वस्तु तथा सेवाको मूल्य, गुणस्तर, परिमाण र उत्पादन मिति जाँच गरेर मात्र खरिद गरौं।
- अनुचित मूल्यवृद्धि, ठगी वा कालोबजारी भएमा सम्बन्धित निकायमा जानकारी गराऔं।
- जिम्मेवार उपभोक्ता र इमानदार व्यवसायी मिलेर स्वच्छ बजार निर्माण गरौं।

**सचेत उपभोक्ता बनौं,**
**स्वच्छ र पारदर्शी बजार निर्माणमा सहयोग गरौं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

## सम्पादकीय...

### सडकमा अलपत्र छाडिएको तार तत्काल हटाउ

सिरहा सदरमुकामको मुख्य सडक विस्तारको काम अघि बढिरहेको छ। सडक विस्तारसँगै सहिद राजेश ठाकुर पार्क -थाना चौक) देखि महावीर चौकसम्म पहिलो चरणमा विद्युतीय पोलहरू हटाउने काम सुरु भएको छ। सडकलाई व्यवस्थित, फराकिलो र सुरक्षित बनाउने उद्देश्यले भइरहेको यो काम स्वाभाविक रूपमा स्वागतयोग्य छ। तर विकास निर्माणका क्रममा अपनाउनुपर्ने न्यूनतम सावधानी र समन्वयमा देखिएको कमजोरीले यही काम नागरिकका लागि जोखिमको कारण बन्न थालेको छ। विद्युतीय पोल हटाइँदै गर्दा पोलमा जोडिएका विभिन्न इन्टरनेट सेवा प्रदायक तथा नेपाल टेलिकमका तारहरू सडक तथा पैदल हिँड्ने स्थानमै अलपत्र छाडिएको अवस्था देखिनु गम्भीर विषय हो। पोल हटाउने काम एउटा निकायले गर्ने र पोलसँग जोडिएका तारको व्यवस्थापन अर्को निकायले गर्ने भन्दै जिम्मेवारी पन्छाउने प्रवृत्तिले सर्वसाधारणलाई जोखिममा पार्नु हुँदैन ।

सडकमा अव्यवस्थित रूपमा छरिएका तार पैदलयात्रीका लागि मात्र होइन, मोटरसाइकल, साइकल, रिक्सा तथा अन्य सवारीसाधनका लागि समेत दुर्घटनाको कारण बन्न सक्छन्। व्यस्त बजार क्षेत्रमा यस्ता तारले आवागमनमा अवरोध सिर्जना गर्नुका साथै कुनै अप्रिय घटना भए त्यसको जिम्मेवारी कसले लिने भन्ने प्रश्न पनि उठेको छ। विकासका नाममा नागरिकको सुरक्षा बेवास्ता गर्न मिल्दैन । अझ महत्वपूर्ण कुरा, सडक विस्तार र पोल स्थानान्तरण कुनै आकस्मिक काम होइन्। यसको पूर्वतयारी, समन्वय र कार्ययोजना हुनुपर्छ। पोल हटाउनुअघि त्यसमा जोडिएका विद्युत्, टेलिफोन, इन्टरनेटलगायतका तारहरूको पहिचान गरी सम्बन्धित सेवा प्रदायकसँग समन्वय गरेर सुरक्षित रूपमा हटाउने वा स्थानान्तरण गर्ने व्यवस्था मिलाउनुपर्ने हो। तर काम सुरु भएपछि मात्र समस्या देख्ने र त्यसको तत्काल व्यवस्थापन नगर्ने शैलीले विकास निर्माणप्रतिको जनविश्वास कमजोर बनाउँछ। सम्बन्धित निर्माण कम्पनी, विद्युत् प्राधिकरण, नेपाल टेलिकम, इन्टरनेट सेवा प्रदायक कम्पनी तथा स्थानीय तहबीच प्रभावकारी समन्वय हुन आवश्यक छ। कसको तार हो भन्ने पहिचान गरी जिम्मेवार निकायले तत्काल हटाउने, व्यवस्थित गर्ने वा सुरक्षित स्थानमा राख्ने व्यवस्था गर्नुपर्छ। सडकमा तार अलपत्र पारेर नागरिकलाई जोखिममा राख्ने छुट कसैलाई पनि हुनु हुँदैन्। यससँगै सडक विस्तारका क्रममा काम भइरहेको क्षेत्रमा आवश्यक सुरक्षा संकेत, अवरोध व्यवस्थापन तथा पैदलयात्रीका लागि सुरक्षित बाटोको व्यवस्था पनि अनिवार्य हुनुपर्छ। नागरिकलाई सुरक्षित रूपमा आवतजावत गर्न सक्ने वातावरण पनि निर्माण पक्षको जिम्मेवारी हो।

सिरहा सदरमुकामको मुख्य सडकलाई आधुनिक र व्यवस्थित बनाउने प्रयास दीर्घकालीन रूपमा महत्वपूर्ण छ। तर विकासको नाममा तत्कालीन जोखिमलाई बेवास्ता गरियो भने त्यसको मूल्य नागरिकले चुकाउनुपर्ने अवस्था आउन सक्छ। त्यसैले सडक विस्तारसँगै पोल र तार व्यवस्थापनलाई एउटै योजनाको अभिन्न हिस्सा बनाइनुपर्छ। सम्बन्धित निकायले अब ढिला नगरी सडकमा अलपत्र रहेका तारहरू तत्काल व्यवस्थापन गर्नुपर्छ। निर्माण कम्पनी र सेवा प्रदायकबीच आवश्यक समन्वय गराएर सुरक्षित रूपमा तार हटाउने वा स्थानान्तरण गर्ने काम अघि बढाउनुपर्छ। साथै, सडक विस्तारको बाँकी काममा यस्ता समस्या दोहोरिन नदिन स्पष्ट जिम्मेवारी, समयसीमा र अनुगमनको व्यवस्था गरिनुपर्छ। सडक विस्तार नागरिकको सुविधाका लागि हो, नागरिकलाई जोखिममा पार्न होइन। विकासको गति जति आवश्यक छ, विकास प्रक्रियामा नागरिकको सुरक्षा र सार्वजनिक सौन्दर्यको संरक्षण पनि उत्तिकै महत्वपूर्ण छ। सिरहाको मुख्य सडक विस्तारलाई अव्यवस्थित तारको जालोले कुरूप र जोखिमपूर्ण बन्न नदिने जिम्मेवारी सम्बन्धित सबै पक्षको हो। यसमा तत्काल पाईला अघि सार्दै समाधान खोज्नुपर्छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

AD
अपन दैनिक
सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नेपाल

# मधेशीको राजनीतिकरण




✍ राज यादव

असोज ३ आउनासाथ 'कालो दिवस'का रूपमा संविधान संशोधनको बहस गर्ने मधेशकेन्द्रित दलहरूले मधेश आन्दोलनमा ज्यान गुमाएका शहीद र घाइते परिवारका पीडा र भोगाइलाई भने महत्त्व दिन छाडेका छन्।

महोत्तरीकी अनिलाकुमारी यादवका लागि हरेक वर्ष घुमिफिरी आउने असोज ३, भित्तेपात्रोको एउटा मिति मात्र होइन। श्रीमान्को यादले अत्त्याउने यो दिन अनिलालाई कतै जान मन लाग्दैन। केही नयाँ काम शुरू गर्न इच्छा हुँदैन। उनी भन्छिन्, "यो दिन आयो कि मनमा पुराना कुरा सबै आउँछन्।" अनिलाको यो सम्झना त्यतिबेलाको हो, जतिबेला संविधानका विषयमा उठेको विवाद सडकमा पुग्यो, मधेश आन्दोलन भयो र अन्य धेरै परिवारले झैं उनले पनि श्रीमान् गुमाइन्। त्यो दिन थियो–२०७२ भदौ २३ गते, बुधबार।

अनिलाका श्रीमान् राम विवेक यादव घरबाट विद्यालय जान निस्किएका थिए । उनी फर्किएनन्। त्यतिबेला अनिलाको गर्भमा ६ महीनाको बच्चा थियो । विवाह भएको करीब ८ महीना मात्रै भएको थियो । घर चलाउने मुख्य आधार श्रीमान् थिए। एक्कासि श्रीमान् गुमेपछि उनको जीवनमा दुःखसँगै परिवारको जिम्मेवारी पनि थपियो।

श्रीमान्को मृत्युपछि, घरमा खानसमेत समस्या हुन थालेकोले ६ महीनाको छोरा बोकेर उनी माइत गइन्। त्यहाँ पुगी बुबासँग काम खोजिदिन आग्रह गरिन्। कक्षा १२ सम्म पढेकी अनिलाले माइती गाउँ जनकपुर उपमहानगरपालिका-१४ स्थित बाल विकास केन्द्रमा काम पाइन्। महीनाको ६ हजार रुपैयाँ तलब थियो। मधेश प्रदेश बनेपछि उनले मधेशी शहीद प्रतिष्ठानमा काम गर्ने अवसर पाइन्। अहिले उनको १० वर्षको छोरा जनकपुरमा पढ्छ । छोराको पढाइदेखि घर खर्चसम्मको जिम्मेवारी अनिलामाथि आइपरेको छ।

२०७२ असोज ३ गते संविधान जारी हुनुअघि र त्यसपछि मधेशकेन्द्रित दलहरूको आह्वानमा तराई-मधेशमा लामो आन्दोलन चलेको थियो। प्रदेशको सीमांकन, नामांकन, प्रतिनिधित्व, नागरिकता लगायतका विषयमा असन्तुष्टि व्यक्त गर्दै चर्किएको आन्दोलनमा अनिलाझैं धेरै महिला विधवा भएका थिए। मधेश आन्दोलनमा मारिएर शहीद घोषणा गरिएका परिवारका सदस्यहरूसँग पनि सम्पर्कमा रहेकी अनिला भन्छिन्, "धेरैजसो शहीद परिवारसँग घर छैन, तिनको घरमा कमाउने मान्छे छैन। त्यस कारण ती शहीदका छोराछोरीको पढाइ रोकिएको छ।"

आन्दोलनको अग्रमोर्चामा खटिएका सिरहाका शम्भुकुमार यादवको खुट्टामा प्रहरीले हानेको गोली लाग्यो। उनलाई तत्कालै काठमाडौं ल्याइयो र अपरेशन गरियो। उनको खुट्टाको उपचार अहिले पनि चलिरहेको छ। शुरूमा उपचारमा लागेको केही खर्च सरकारले व्योहोरिदिए पनि अहिले आफ्नै खर्चले उपचार गराइरहेको शम्भु सुनाउँछन्। अधिकारका लागि गोली खाएका शम्भुकुमारहरूकै कारण मधेशीले आफ्नै स्वायत्त सरकार प्राप्त गरेको छ।

समानुपातिक समावेशी प्रावधान संविधानमा सुनिश्चित भएको छ। देशले मधेशी मूलको प्रधानमन्त्री पाएको छ। आफू अपांगताको जीवन बिताइरहेको भए पनि प्राप्त यी उपलब्धिले शम्भुलाई केही राहत त दिन्छ, तर आफूजस्ता १०७ जना घाइते परिवारको रोजगारी, उपचार र राहतमा संघीय र मधेश दुवै सरकारले ध्यान नदिंदा निकै मर्माहत छन्, शम्भु। उनी गुनासो गर्छन्, "पाँच वर्षसम्म मोहम्मद लालबाबु राउत नेतृत्वको मधेश प्रदेश सरकारले रोजगारी दियो, त्यसपछि हटाइदियो। म अपांगता भएको व्यक्ति हुँ। दुई छोराछोरीको जिम्मेवारी मेरो काँधमा छ। अधिकारका लागि लड्यौं, अहिले उपचार खर्च जुटाउन र परिवार चलाउन समस्या छ।"

मधेश आन्दोलनमा मारिएकाहरूका निम्ति मधेशी शहीद प्रतिष्ठान गठन गरिएको छ र त्यसबाट हरेक वर्ष शहीद परिवारले तीन लाख रुपैयाँ पाउँदै आएका छन्। २०७२ सालको मधेश आन्दोलनका क्रममा सर्लाही मलंगवाकी शकुन्तला ठाकुरका श्रीमान् नागेन्द्र ठाकुरलाई नवलपुरमा गोली लागेको थियो । उपचारकै क्रममा गोली लागेको एक महीनापछि नागेन्द्रको मृत्यु भयो। शकुन्तलाले तीन जना छोरालाई काठमाडौंमा राखेर पढाइरहेकी छन्। सासूको हेरचाहको जिम्मेवारी पनि उनकै काँधमा छ । उनले नोकरीबाट छोराहरूको पढाइ, खाना र घरखर्च धान्दै आएकी छन्। संविधानको विरोधभन्दा पनि शहीद परिवारको न्याय र पीडालाई सम्बोधन गर्नुपर्ने बताउने शकुन्तला भन्छिन्, "यो संविधान प्राप्त गर्न मेरो आफ्नो मान्छे नै गुम्यो। संविधानले हामीलाई अधिकारसम्पन्न बनाएको छ । संविधान हाम्रो देशको साझा मूल कानून हो।"

**जथाभावी गोली प्रहार**

मानव अधिकारसम्बन्धी संस्था ह्युमन राइट्स वाचका अनुसार २०१५ अगष्ट र सेप्टेम्बरमा भएको मधेश आन्दोलनका क्रममा कम्तीमा ४५ जनाको ज्यान गुम्यो। संस्थाले तराईका विभिन्न जिल्लामा आन्दोलनकारी तथा सुरक्षाकर्मी दुवैतर्फका मृत्यु र सुरक्षाकर्मीबाट भएको बल प्रयोगबारे अनुसन्धान गरेको थियो। तत्कालीन सरकारले पनि मधेश र थरुहट आन्दोलनमा राज्य र आन्दोलनकारीहरूबाट भएको हिंसाको छानबिन गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लालको संयोजकत्वमा उच्चस्तरीय आयोग गठन गरेको थियो। आयोगले तत्कालीन सरकारलाई बुझाएको अध्ययन प्रतिवेदन अझै सार्वजनिक भएको छैन।

२०७२ सालमा जारी भएको संविधानले मधेशी जनताको सवाललाई नसमेटेको भन्दै मधेशकेन्द्रित दलहरूले असोज ३ गतेलाई 'कालो दिवस' का रूपमा सम्झने गरेका छन् । जनता समाजवादी पार्टी नेपाल (जसपा नेपाल) का प्रवक्ता मनीषकुमार सुमन नागरिकता, निर्वाचन क्षेत्रको प्रतिनिधित्व, संघीयताको संरचना र समावेशितासम्बन्धी विषय संविधानमा अपुग रहेकोले विरोध गरिएको बताउँछन्। उनको भनाइमा, "संविधान संशोधन गरेर यी सवाललाई समेटी सबै नेपालीले अपनत्व महसूस गर्ने अवस्था बनाउनुपर्छ।"

**हाम्रो सुखका दिन कहिले फिर्छ ?**

मधेश प्रदेशका मुख्यन्यायाधिवक्ता डा. सुनिलरञ्जन सिंह संविधानलाई पूर्ण रूपमा अस्वीकार गर्नुभन्दा त्यसका उपलब्धि र कमजोरी दुवैलाई हेर्नुपर्ने बताउँछन्। उनका अनुसार संविधानका सकारात्मक पक्षमा संघीयता, लोकतन्त्र, गणतन्त्र र

बाँकी पृष्ठ ४ ▶▶

## गर्मी मौसममा सावधानी अपनाऔ, सुरक्षित बनौं

- प्रयाप्त मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौं।
- अत्यधिक घाममा लामो समयसम्म नबसौं।
- चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं।
- जंकफूड, बासी, सडेगलेका तथा दूषित खानेकुरा नखाऔं।
- बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौं।
- तातो हावाका कारण लु का लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं।

सिरहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, सिरहा
मधेश प्रदेश, सिरहा (नेपाल)

## आजको राशिफल

**मेष :** आज नयाँ कामको सुरूवात हुनेछ। साथीभाइसँग रमाइलो भेटघाट हुनेछ।

**बृष :** धनको विषयमा फाइदा हुने संकेत छ। परिवारसँगको समय रमाइलो रहनेछ।

**मिथुन :** चन्द्रमाको प्रभावले आत्मविश्वास बढ्नेछ। नयाँ योजना बनाउन मन लाग्नेछ।

**कर्कट :** आज अलि धेरै सोच्ने बानी बढ्न सक्छ। आराम र शान्त वातावरण आवश्यक हुनेछ।

**सिंह :** साथीभाइको सहयोगले काम सजिलो हुनेछ। नयाँ अवसर देखिन सक्छ।

**कन्या :** काममा जिम्मेवारी बढ्न सक्छ। वरिष्ठ व्यक्तिबाट प्रशंसा पाइने सम्भावना छ।

**तुला :** नयाँ कुरा सिक्ने अवसर मिल्नेछ। यात्राको सम्भावना देखिन्छ। सकारात्मक सोचले दिन राम्रो बनाउनेछ।

**वृश्चिक :** धनसम्बन्धी विषयमा सावधानी अपनाउनुहोस्। अरूलाई धेरै विश्वास गर्दा समस्या आउन सक्छ।

**धनु :** सम्बन्धमा नजिकिने समय छ। सहकार्यबाट राम्रो फाइदा मिल्नेछ। दाम्पत्य जीवन सुखद रहनेछ।

**मकर :** दैनिक काममा व्यस्तता बढ्न सक्छ। समय मिलाएर काम गर्दा तनाव कम हुनेछ।

**कुम्भ :** मन रमाइलो र उत्साहित रहनेछ। सिर्जनात्मक काममा सफलता मिल्न सक्छ।

**मीन :** घरपरिवारसँग समय बित्नेछ। पुराना सम्झनाले मन भावुक बन्न सक्छ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# 'विशेष महाधिवेशनपछि कांग्रेस फुटिसक्यो, गगनजीले सहमतिको प्रयास गर्छु भनेपनि संवाद भएको छैन'

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असोज ०३ गते**



नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले आफ्नो समूहले वडा तहदेखि केन्द्रीय महाधिवेशनसम्म सबै तहको अधिवेशन गर्ने बताएका छन्।

संस्थापन पक्षले एकलौटी अघि बढाएको महाधिवेशन प्रक्रियामा आफूहरूले स्वीकार्ने अवस्था नै नरहेको उनको भनाइ छ।

उनले संस्थापन पक्षले जिल्ला र प्रदेश तहको अधिवेशन नगर्ने निर्णय गरेकोप्रति प्रश्नसमेत उठाए।

उनले भने, 'हामीले असोज १५ गतेदेखि महाधिवेशन प्रक्रिया अघि बढाउने र मंसिर २१, २२ र २३ गते केन्द्रीय महाधिवेशन गर्ने तयारी गरेका छौं। हामी सबै तहको गर्छौं। उहाँहरूले जिल्ला र प्रदेशको नगर्ने भन्नुभएको छ। यसको अर्थ उहाँहरू जिल्ला र प्रदेश, जुन हाम्रो सङ्घीय प्रणाली हो, त्यसलाई छोड्न खोज्नुभएको हो कि क्या हो ?'

दुई पक्षबीच महाधिवेशन प्रक्रिया अघि बढे पनि पार्टी एकताका लागि संवादको सम्भावना भने अझै रहेको उनले बताए। सभापति गगन थापाले सार्वजनिक रूपमा १६ गतेसम्म सहमतिको प्रयास गर्ने बताइरहेको भए पनि आफूहरूसँग भने अहिलेसम्म कुनै सम्पर्क नभएको भनाइ छ।

आफ्नो समूहका केही नेताहरू अर्को पक्षमा गएको विषयमा त्यसलाई व्यक्तिको राजनीतिक स्वतन्त्रताको विषय भएको बताए।

उनले थपे, 'जसलाई जाने इच्छा छ, स्वतन्त्रता छ, अधिकार छ। जता जोसँग जाने, जुन पार्टीमा जाने, जोसँग जाने, ऊ स्वतन्त्र हुन्छ।'

विशेष महाधिवेशनपछि नै कांग्रेस एउटै नरहेको दाबी गर्दै अहिले पनि पार्टीलाई एउटै बनाउने प्रयास भइरहेको बताए।

'पार्टी एउटै नरहेको त विशेष महाधिवेशनबाट नै पार्टी फुटिसकेको हो। त्यसैले पार्टी त एउटै छैन,' उनले भने, 'अहिले खाली हामीले कोसिस गरिरहेका छौं। हामी अझै एउटा पार्टी बनोस् भन्ने चाहन्छौं।'

पार्टीको आधिकारिकतासम्बन्धी विवादमा सर्वोच्च अदालतको निर्णय कुर्ने बताए। सर्वोच्चले पुनरावलोकनको निस्सा दिएकाले आफूहरूले आधिकारिकता पाउनेमा आशावादी सुनिए।

'सर्वोच्चलाई त कुर्नै पर्‍यो नि। सर्वोच्चको न्यायलाई त सबैले कुर्छन्। सर्वोच्चले न्याय दिन्छ भन्नेमा विश्वास छ। पुनरावलोकनको निस्सा दिएको छ। पुनरावलोकनको निस्सा भनेको हत्तपत्त पाइँदैन' निधिले थपे।

निर्वाचन आयोगले विशेष महाधिवेशनलाई मान्यता दिँदै पार्टीको विवरण अद्यावधिक गरेको निर्णय गलत भएको उनको जिकिर छ।

अदालतको मुद्दा विचाराधीन भएपनि राजनीतिक सहमतिको प्रयास पनि सकिएको होरु भन्ने जिज्ञासामा उनले भने, 'हामीलाई थाहा छैन। राजनीतिक सहमतिको प्रयास भएको छैन। अन्तिम फैसला आओस् न, के हुन्छ, त्यसपछि विचार गर्छौं।'

# नापजाँच सकिएको ९ वर्षपछि धनुषाका २४२ स्ववासी परिवारले पाए लालपुर्जा

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असोज ०३ गते**



धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-२ (साविक रमदैया भवाडी गा.वि.स वडा नं १, ५ र ९) का २४२ परिवारले नापजाँच सम्पन्न भएको करिब ९ वर्षपछि जग्गाधनी प्रमाण पुर्जा (लालपुर्जा) प्राप्त गरेका छन्।

लामो समयदेखि स्ववासीका रूपमा बसोबास गर्दै आएका स्थानीय २४२ परिवारले अब आफ्नो जग्गामाथिको कानुनी स्वामित्व औपचारिक रूपमा प्राप्त गरेका हुन्। नापी कार्यालय धनुषाले आवश्यक प्रक्रिया पूरा गरी उनीहरूलाई जग्गाधनी प्रमाण पुर्जा वितरण गरेको हो।

उक्त क्षेत्रको नापजाँच कार्य २०७४ सालमै सम्पन्न भएको थियो। तर नापनक्सा सम्पन्न भए पनि आवश्यक कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा हुन नसक्दा लामो समयसम्म जग्गाधनी प्रमाण पुर्जा वितरण हुन सकेको थिएन। लामो समयदेखि रोकिएको प्रक्रिया अघि बढाउँदै अहिले २४२ थान जग्गाधनी प्रमाण पुर्जा वितरण गरिएको हो।

जग्गाधनी प्रमाण पुर्जा प्राप्त भएसँगै स्ववासीका रूपमा बसोबास गर्दै आएका परिवारको जग्गामाथिको स्वामित्व स्थापित भएको छ। स्ववासी जग्गा दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा वितरण भएपछि स्थानीय बासिन्दाले कानुनी तथा आर्थिक लाभ प्राप्त गर्न सक्नेछन्।

लालपुर्जा प्राप्त भएपछि जग्गा बैंक तथा वित्तीय संस्थामा धितो राखेर ऋण लिन सहज हुनेछ। त्यस्तै, जग्गाको स्वामित्व स्पष्ट भएपछि भूमिसम्बन्धी विवाद निरुपण गर्नसमेत सहज हुनेछ।

यसअघि धनुषाका ४३५४ परिवारले लालपुर्जा पाएका छन्।


- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क ०३३-५२१२१४


## दुई तिहाईको सरकार लाचार र शक्तिहीन, प्रधानमन्त्रीलाई ............

साहले रास्वपाका सभापति लामिछानेले समानान्तर सरकार चलाउन खोज्दा सरकारको कार्यसम्पादनमा असर परिरहेको कुरा सचेत नागरिकले गुनासो पोख्न थालेको पनि टिप्पणी गरे। उनले रास्वपाले भागबण्डाको राजनीति गरेको र नेतातन्त्रको अभ्यास गरेको कुरा पछिल्लो समय सरकारका मन्त्रीहरु र रास्वपाका नेताहरुबीच भएको छेडखानी र आरोपप्रत्यारोपबारे सार्वजनिक भएको घट्नाले पनि पुष्टि गर्ने बताए।

सरकार सामान्य डेलिभरी दिन नसकेर आलोचित बन्ने अवस्था आउनु दुःखद् भएको उनको टिप्पणी छ। ग्यासको अभावमा जनताको चुलो निभ्ने अवस्था आएको यति दिन बित्दापनि समस्या समाधान नभएको र सेवामा लाईन घट्नुको साटो बढ्नुले पनि सरकारको असफलता देखाईसकेको साहले जिकिर गरे।

उनले वर्तमान सरकार बने पछिका नियुक्तिमा पनि सरकारले समावेशीताको सिद्धान्तलाई धज्जी उडाउँदै महिला, मधेशी, दलितहरुलाई उपेक्षा गरेको आरोप लगाए। ती नियुक्तिहरुमा कर्णाली र दलितको प्रतिनिधित्व शून्य बनाईएको भन्दै उनले सरकारलाई समावेशी प्रतिनिधित्वको मूल मर्मलाई ख्याल गर्न पनि सुझाए।

सो क्रममा उनले आफूहरु देशलाई दिशा दिनको लागि एक ठाउँमा उभिएको र संघर्षको सहयात्रा सुरु गरेको सुनाए। उनले आफूहरु सत्ताको कुनै खेलमा नलागी संघर्षको बाटोमा उभिएकोले राष्ट्रिय राजनीतिमा पनि सोहीअनुसार हस्तक्षेप गरिने नेता तथा कार्यकर्ताहरुलाई विश्वास दिलाए। उनले व्यवस्था विकृत भएको कारण देशको अवस्थामा बदलाव नआएको र झनै संकट गहिरिँदै गएको दाबी गरे। अहिलेको राजनीतिक व्यवस्थामा सुधार नगरेसम्म देशले निकास नपाउने उनको दावी छ।

उनले अहिले फेक शासनको कारण जनतामा एक किसिमको भय र त्रास देखिएको भन्दै मोर्चाले भय र त्रासको अवस्थालाई चिर्ने स्पष्ट पारे। उनले नयाँका नाममा आएकाहरुले अहंकारयुक्त नेपाल बनाउन चाहेको भएपनि आफूहरु अहंकारमुक्त नेपालको पक्षमा उभिएको बताए।

उनले भने,"उनीहरू एकांकी र एकाधिकारपूर्ण राजनीति रुचाउँछन्, तर हामी सहअस्तित्व र सहकार्य चाहन्छौं। हामी उनीहरुजस्तो सिण्डिकेट होइन सोलिडारिटी चाहन्छौं। सर्वसत्तावाद होइन, सर्वस्विकार्य बहुलवाद हाम्रो चाहना हो।"

साहले नयाँहरुले सामाजिक सञ्जालमात्र बुझेको तर आफूहरु समाज बुझेको नेता भएको पनि टिप्पणी गरे।

मोर्चामा आबद्ध नेताहरुले सरकारमा सहभागी भएर सेवा गर्ने अवसर पाउँदा छोटो समयमा पनि प्रभावकारी काम गरेर अमिट छाप छोडेको साहको दाबी छ।

उनले भने,"अहिले यो मञ्चमा उभिएका हामी नेताहरुले सरकारमा बसेर काम गर्ने अवसर एकदमै छोटो समयको लागि पाएको छौं, तर पाएको अवसरको सही सदुपयोग गरेका छौं। चाहे उपेन्द्रजीले विदेश नीतिको सम्बन्धमा खेलेको भूमिका होस वा स्वास्थ्य मन्त्रालयको नेतृत्वमा हुँदा बनाएको मानक होस, वा जनार्दन शर्माले लोडसेडिङ अन्त्य गररे लगाउनुभएको गुण नै किन नहोस, वा मैले जम्मा पाँच महिना सहरी विकास मन्त्रालयको नेतृत्व हुँदा इतिहासमै छाप छोड्ने गरी काम गरेको छु, आज मधेशका स्मार्ट सिटीको कुरा गर्नुहोस, वा ठूला ठूला सभाहलको कुरा होस, मैले अवसर पाउँदा सही सदुपयोग गरेको छु।"

फरक प्रसंगमा देशलाई दुख्दा मधेशको पनि मन दुख्ने गरेको र मधेशी जनता सधैं देशको दुःखमा साथै उभिने गरेको भन्दै भूकम्प, कोभिड महामारीदेखि हालैको रसुवाको भोटेकोशी बाढीको वितण्डाले निम्त्याएको महाविपत्ति र पीडाको घडीमा मधेशले साथ दिएर महानता देखाएको पनि साहले सुनाए। आफूहरु देश जोड्ने अभियानमा रहेको उल्लेख गर्दै उनले अग्रगामी मोर्चाले देशलाई एकताको सूत्रमा बाँध्ने विश्वास दिलाए।

## सशस्त्र प्रहरी नायब निरीक्षक यादवको हत्या ............

अपराधसम्बन्धी मुद्दा रहेको प्रहरीले जनाएको छ।

लामो समयदेखि फरार रहेका कुरवानलाई खोजी गर्ने क्रममा सीमाक्षेत्रमै फेला पारिएको र नियन्त्रणमा लिन खोज्दा प्रहरीमाथि गोली प्रहार भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

प्रहरीका अनुसार घटनामा संलग्न अन्य व्यक्तिहरूको समेत खोजी भइरहेको छ। पक्राउ परेका कुरवानमाथि आवश्यक अनुसन्धान तथा कानुनी कारवाही अघि बढाइने प्रहरीले जनाएको छ।







# सुनसरीको देवानगञ्ज-१ को मध्यहर्षाही अशान्तः १९ वर्षीय युवकमाथि गोली चल्यो, दुई जना पक्राउ



**अपन दैनिक संवाददाता**
**सुनसरी, असोज ०३ गते**

सुनसरीको देवानगञ्ज गाउँपालिकाको मध्यहर्षाही अशान्त बनेको छ।

साउनमा तीन जनाको ज्यान जाने गरी देवानगञ्ज-३ को कप्तानगञ्जमा भएको हिंसात्मक घटनाको त्रास सेलाउन नपाउँदै शनिबार साँझ देवानगञ्ज वडा नं-१ मा फेरि गोली चलेको छ। गोली प्रहारबाट एक युवक गम्भीर घाइते भएका छन्।

वडा नं-१ स्थित लक्ष्मीनारायण मन्दिर अगाडि भएको उक्त घटनामा सोही ठाउँका १९ वर्षीय निरज यादव घाइते भएका हुन्। उनको तिघ्रामा गोली लागेको छ।

गाउँपालिका अध्यक्ष वेचन मेहताका अनुसार घाइते यादवको हाल विराटनगरस्थित नोबेल अस्पतालमा उपचार भइरहेको छ।

घटनालगत्तै प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। स्थानीय प्रत्यक्षदर्शीका अनुसार घटनामा संलग्न अन्य छ जना भने फरार छन्। जिल्ला प्रहरी कार्यालय सुनसरीका डिएसपी एवम् प्रवक्ता चन्द्र खड्काले गोली प्रहार भएको पुष्टि गर्दै यस विषयमा विस्तृत विवरण आउन अझै बाँकी रहेको जानकारी दिए।

केही समयअघि मात्रै यसै क्षेत्रमा ठूलो हिंसात्मक घटना भएको थियो। गत साउन १० गते देवानगञ्ज वडा नं-३ कप्तानगञ्जमा दुई पक्षबीचको झडपले उग्र रूप लिंदा तीन जनाको मृत्यु भएको थियो।

स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले चलाएको गोली लागि स्थानीय ओमप्रकाश मेहता, जयप्रकाश मेहता र रवीन्द्र मेहताको ज्यान गएको थियो।

झडपका क्रममा घाइते भएका ओमप्रकाशको साउन १० गते राति, जयप्रकाशको साउन १४ गते र रवीन्द्रको साउन १९ गते काठमाडौंमा उपचारका क्रममा मृत्यु भएको थियो।

उक्त घटनाको मुख्य कारण धार्मिक विवाद थियो। असार १४ गते मुस्लिम समुदायले मोहर्रम मेलाको अवसरमा बजारको बीच भागमा झण्डा गाडेका थिए। पछि साउनमा हिन्दु समुदायले बोलबमको अवसरमा सोही स्थानमा झण्डा गाडेपछि विवाद सुरु भएको थियो।

वडाध्यक्ष र गाउँपालिका अध्यक्षसम्म पुगेको उक्त विवाद साउन १० गते बोलबम जाने युवाले मन्दिरमा ठूलो आवाजमा डिजे बजाएको विषयलाई लिएर दुई पक्षबीच झडपमा परिणत भएको थियो।

पछिल्लो समय शान्त बन्दै गएको कप्तानगञ्जमा फेरि गोली चलेपछि स्थानीय बासिन्दा त्रसित बनेका छन् भने सुरक्षा व्यवस्थामाथि चुनौती थपिएको छ।

# नेपाल प्रिमियर लिगका लागि डिआरएसको परीक्षण, लिगलाई आइसिसीको मान्यता अन्तिम चरणमा



**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ०३ गते**

नेपाल क्रिकेट संघ (क्यान) ले आयोजना गर्न लागेको नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करणको तयारी तीव्र गतिमा अगाडि बढेको छ। यसै क्रममा क्यानका सचिव पारस खड्काले एनपिएलमा प्रविधि प्रयोग, आइसिसीको औपचारिक स्वीकृति, अन्तर्राष्ट्रिय स्टार खेलाडीहरूको सहभागिता र प्रसारणका विषयमा महत्त्वपूर्ण जानकारी दिएका छन्।

**एनपिएलमा पहिलोपटक डिआरएस प्रविधिको परीक्षण**

नेपाली क्रिकेट समर्थकहरूको बहुप्रतीक्षित मागलाई सम्बोधन गर्दै एनपिएलमा निर्णय समीक्षा प्रणाली डिआरएस भित्र्याउन क्यानले प्राविधिक परीक्षण सम्पन्न गरेको छ। क्यान सचिव खड्काका अनुसार दुईवटा प्रविधि प्रदायक कम्पनीहरूसँग टोलीको अपरेसन राखेर प्राविधिक परीक्षण पूरा गरिसकिएको छ।

परीक्षण गरिएको प्रविधिको नतिजा र एक्युरेसीका विषयमा सबै टोलीहरूसँग फिडब्याक लिने काम भइरहेको छ। प्रोडक्सनको अन्तिम टुङ्गो लागेपछि कुन कम्पनीको डिआरएस प्रविधि प्रयोग गर्ने भन्नेबारे क्यानले निर्णय लिनेछ। आइसिसी विश्वकप स्तरको उच्चस्तरीय डिआरएसका लागि पर्याप्त स्रोत साधन नभए पनि, परीक्षण गरिएको प्रविधि उपयोगी ठहरिएमा यसै संस्करणदेखि नेपालमा पहिलोपटक डिआरएस लागू गरिनेछ।

**आइसिसीको स्वीकृति र विश्वप्रसिद्ध स्टार खेलाडीको सहभागिता**

एनपिएललाई आइसिसीबाट टी-२० लिगको औपचारिक मान्यता र स्वीकृति प्राप्त हुने प्रक्रिया अन्तिम चरणमा रहेको छ। आइसिसीको औपचारिक स्वीकृति आउनासाथ लिगका टोलीहरूले आफूले आबद्ध गरेका विदेशी खेलाडीको नाम औपचारिक रूपमा घोषणा गर्नेछन्।

यस संस्करणमा विश्व प्रसिद्ध खेलाडीहरू साकिब अल हसन, सिकन्दर रजा, रवि बोपारा र डेभिड वार्नर जस्ता स्टारहरूले सम्झौता गरिसकेका छन्।

**स्टार स्पोर्ट्समा लाइभ प्रसारण र ब्रान्ड भ्यालुमा वृद्धि**

यसपटक एनपिएलको ब्रान्ड भ्यालु र नेपाली क्रिकेटको इज्जत अन्तर्राष्ट्रिय स्तरमा अझ उच्च बनेको छ। मिडिया राइट्समा राम्रो प्रतिस्पर्धा भएकाले क्यानको आम्दानी र लिगको व्यावसायिक पक्ष मजबुत बनेको छ।

एनपिएलको प्रत्यक्ष प्रसारण अन्तर्राष्ट्रिय स्तरमा स्टार स्पोर्ट्समा हुनेछ भने नेपालमा हिमालय टिभी र ओटीटी प्लेटफर्म नेट टिभीमार्फत प्रत्यक्ष हेर्न सकिनेछ।

**कात्तिक ९ देखि त्रिवि मैदानमा क्रिकेटको महाकुम्भ**

एनपिएलको तेस्रो संस्करण कात्तिक ९ (अक्टोबर २६) देखि मंसिर ५ (नोभेम्बर २१) सम्म काठमाडौंस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा आयोजना हुँदैछ। उद्घाटन खेलमा लुम्बिनी लायन्स र सुदूरपश्चिम रोयल्स आमनेसामने हुनेछन्।

**टेस्ट राष्ट्रसँगो सिरिज र क्यानको आगामी रणनीति**

नेपाली टोलीको क्षमता अभिवृद्धिका लागि क्यानले भारत 'ए' र बङ्गलादेश टोलीसँगको शृङ्खला पक्का गरिसकेको छ। यसका साथै सन् २०२७ सम्म अन्य टेस्ट राष्ट्रहरूलाई नेपालमै ल्याएर खेलाउनका लागि विभिन्न प्रस्तावहरू पठाइएको र क्यानले रणनीतिक तयारी गरिरहेको छ।

# जेन-जी आन्दोलनमा फरार लागुऔषध मुद्दाका प्रतिवादी पक्राउ

**अपन दैनिक संवाददाता**
**सिरहा, असोज ०३ गते**

सिरहा प्रहरीले पछिल्लो वर्ष जेन-जी आन्दोलनको क्रममा लागुऔषध मुद्दाका फरार प्रतिवादीलाई पक्राउ गरेको छ।

गोलबजारस्थित इलाका प्रहरी कार्यालय गोलबजार र लागुऔषध नियन्त्रण ब्युरोको संयुक्त टोलीले लागुऔषध मुद्दाअन्तर्गत जिल्ला प्रहरी परिसर काठमाडौंको हिरासतबाट फरार सिरहाको अर्नमा गाउँपालिका-२, ब्रह्मपुरीका करिब २३ वर्षीय धीरजकुमार महतोलाई पक्राउ गरेको सिरहा प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार जेन-जी आन्दोलनको क्रममा फरार भएका महतो घरमै लुकिछिपी बसिरहेको भन्ने गोप्य सूचनाको



आधारमा प्रहरीले पक्राउ गरी आवश्यक अनुसन्धान र कारबाहीका लागि जिल्ला प्रहरीमा दाखिला गरिएको छ।

## मधेशीको राजनीतिकरण ..............

समावेशिता छन्। नागरिकले स्वतन्त्र रूपमा बोल्न र आफ्नो पेशा-व्यवसाय गर्न पाउनु संविधानका महत्त्वपूर्ण उपलब्धि हुन्। तर प्रदेशको संरचना, प्रतिनिधित्व, समावेशिता र संविधानको कार्यान्वयनमा समस्या रहेको उनी बताउँछन्। न्यायपालिका र संवैधानिक आयोगहरूमा अपेक्षित समावेशिता हुन नसकेको उनी बताउँछन्।

सिंहका अनुसार मधेशका नागरिकको असन्तुष्टि संविधानका राजनीतिक विषयमा मात्र सीमित छैन। रोजगारी, कृषि, मलवीउ, उत्पादनको बजार, मिटरब्याज, महिला तथा बालबालिकाको सुरक्षा र शान्ति-सुरक्षाजस्ता विषय पनि मधेशका जल्दाबल्दा समस्या हुन्। संविधानबमोजिम मधेश सरकार त बन्यो तर त्यसले नागरिकको हकहितलाई प्राथमिकतामा राखेर काम गर्न सकेन। यो राजकाजको कमजोरी हो। सिंह भन्छन्, "संविधान सुधारसँगै देशको विकास, सुशासन, रोजगारी र गरीबी निवारणका विषयमा पनि काम गरिनुपर्छ।"

मधेशकेन्द्रित दलहरूले हरेक वर्ष असोज ३ गते 'कालो दिवस' मनाउँदै संविधान र राजनीतिक परिवर्तनबारे बहस चलाइरहँदा मधेश आन्दोलनमा ज्यान गुमाएका र घाइते परिवारका लागि भने यो दिन आफ्नो दुःख कोट्याउने दिनका रूपमा आएको आभास हुन्छ। राजनीतिक नाराभन्दा निकै फरक भोगाइ व्यहोरिरहेकी अनिलालाई अहिले सबैभन्दा ठूलो चिन्ता छ–छोराको भविष्यको। श्रीमान् गुमाउँदा उनी गर्भवती थिइन्। त्यसपछि बच्चा हुर्काउने, पढाउने र घर चलाउने जिम्मेवारी उनले एक्लै सम्हालिन्। शम्भुका लागि उपचार र परिवारको भविष्यको चिन्ता छ। आन्दोलनमा लागेको गोलीले उनको शरीरको घाउ अझै निको भएको छैन। यी परिवारका लागि अधिकार–रोजगारी, उपचार, शिक्षा र परिवारको सुरक्षासँग जोडिएको विषय हो। तिनको एउटै प्रश्न छ–"हामीले यो उपलब्धि हासिल गर्न हाम्रा मान्छे गुमायौं। शरीरका अंग गुमायौं। हाम्रो सुखका दिन कहिले फिर्छ?"

## ट्रकको ठक्करबाट .......

नियन्त्रणमा लिएको छ।

घटनालगत्तै इलाका प्रहरी कार्यालय मिर्चैयाबाट प्रहरी निरीक्षक जीवकान्त चौधरीको कमाण्डमा टोली घटनास्थलमा पुगेको थियो। प्रहरीले घटनास्थलको मुचुल्कालगायत आवश्यक कानुनी प्रक्रिया पूरा गरी मृतक मण्डलको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल सिरहा पठाएको जनाएको छ।

ट्रक र चालकलाई इलाका प्रहरी कार्यालय मिर्चैयाको नियन्त्रणमा राखेर घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यलय सिरहाका प्रवक्ता एवं डिएसपी रमेशबहादुर पालले जानकारी दिए।

## भूमि प्रशासन कार्यालय, लहान (सिरहा)

### हकदावी सम्बन्धी ३५ दिने सूचना ।

मेरो नाममा तपसिलको जग्गाको सर्वे नापनक्शा भई फिल्डबुक तयार भएको र जग्गा दर्ता गर्न सम्म छुट भएकोले निज निवेदकले सो छुट जग्गा दर्ता गरी मेरो नाममा ज.ध. दर्ता प्रमाणपुर्जा उपलब्ध गरी पाउन जिल्ला सिरहा साविक गा.वि.स. मुक्सार वार्ड नं. ७ परिवर्तित गा.पा. गोलबजार न.पा. वडा नं. १ मा बस्ने अम्बर बहादुर खड्का क्षेत्रीले यस कार्यालयमा छुट मि.नं. ७७ दर्ता मिति २०८२/०२/२७ मा निवेदन दर्ता गराएको हुँदा, उक्त जग्गा दर्ता सम्बन्धमा यी निवेदक बाहेक अरु कोही हकदार भए वा यी निवेदकको माग बमोजिम उक्त छुट जग्गा दर्ता गरी यी निवेदकको नाममा ज.ध. दर्ता प्रमाणपुर्जा दिंदा कोही कसैको हक मेटिने भए वा कोही कसैको जोतभोग र स्वामित्वमा फरक असर पर्ने भए अथवा कुनै किसिमको सरकारी, सार्वजनिक, ऐलानी, पर्ति, वा अन्य व्यक्ति विशेषको जग्गालाई फरक असर पर्ने भए साथै निवेदकको माग बमोजिम जग्गा दर्ता गर्नु नपर्ने कुनै सार्थक कारण भए यो सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र स-प्रमाण यस कार्यालयमा हकदावी वा उजुर बाजुर गर्न आउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। म्याद भित्र हकदावी नगरेमा निवेदकको माग बमोजिम जग्गा दर्ता भईजानेछ। पछि कसैको उजुर बाजुर लाग्ने छैन।

**तपसिल**

| गा.वि.स./न.पा | वडा नं. | कि. नं. | क्षेत्रफल | जग्गाधनीको नाम | कैफियत |
|---|---|---|---|---|---|
| मुक्सार | ५ख | १०० | ०-१३-० | अम्बर ब.खड्का क्षेत्री | |
| मुक्सार | ५ख | १०५ | ०-२-१० | अम्बर ब.खड्का क्षेत्री | |



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाही, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

विश्वास, शुद्धता र गुणस्तर हाम्रो पहिचान
राहुल ज्वेलर्स
शुद्धता हाम्रो प्रतिबद्धता
उचित मूल्यमा सर्वोत्तम सेवा
सुनचाँदीका गरगहना तथा विश्वसनीय गन्तव्य
२४ क्यारेट सुनका गरगहना
९१६ केडीएम (Hallmark) सुनका नयाँ-नयाँ डिजाइन
आकर्षक चाँदीका गरगहना
विवाह तथा विशेष अवसरका सम्पूर्ण गहनाहरु उपलब्ध
पुरानो सुन-चाँदी साटफेर तथा उचित मूल्यमा खरिद-बिक्री
अनुभवी कालिगढद्वारा मर्मत तथा नयाँ डिजाइन निर्माण



हार सेट
चुरा
झुम्का
औंठी
मंगलसूत्र
नोट : यहाँ बिना रसायनको पनि गहना बनाइन्छ ।



हसुली
पायल
डरकस
डरकस (नयाँ डिजाइन)
हसकल
सिरहा नगरपालिका-१, सिरहा
प्रोपाराइटर
शत्रुधन प्रसाद साह
9815770866